## *प्रथम मगर जागरण २०७१ बराहकोट*

*(बरेङ गाउँ पालिका-२ बराहकोट (राजाखर्क) मा जन्म भई हाल हङकङमा कार्यरत पूर्व वृटिस क्याप्टेन श्री जङ्गबहादुर श्रीस मगरले आफ्नो जन्म भूमि (बराहकोट)का लागि आफ्नो तर्फबाट समेत गरी रु.१५,६६,०००।००( पन्ध्रलाख, छैसट्ठी, हजार) को लागत मध्ये रु. ४,०१,०००।०० को साउण्ड सिष्टम, रु.८,०३,१००।०० को वाई-फाई इन्टरनेट, रु.३,६१,०००।०० मा (१०० एकसय थान कुर्ची समेत) २०७१ साल फाल्गुन १५ गतेको मगर दिवसमा प्रथम मगर जागरण कार्यक्रम बराहकोटमा गर्न आवश्यक प्राविधिक सामग्री सहित कार्यक्रम सम्पन्न गर्न म पदमबहादुर श्रीसलाई जिम्मेवारी दिएअनुसार तोकिएको कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको थियो । उक्त मगर जागरण कार्यक्रममा प्रस्तुत भएको विचार (कार्यपत्र) ढिलै भए पनि हाम्रा श्रीस बन्धु-बान्धवको जानकारीको लागि 'हाम्रो बराहकोट गाउँ' वेभमा राखेको छु ।)*

### ***<u>मगर जातिको ऐतिहासिकता तथा मगर जागरणः</u>***

एसिया महाद्वीपको दक्षिणी भू-भागमा मगर जातिको आदिम भूमि रहेको सन्दर्भमा आर्यहरुको धार्मिक, सांस्कृतिक ग्रन्थहरु र विदेशी लेखक तथा अनुसन्धानकर्ताहरुले लेखेका विभिन्न लेखहरुमा पाइन्छ । आर्य जातिका एक जना लेखक पं.मुरलीधर भट्टराईले 'नेपाल और उसकी संस्कृति' नामक कृतिमा उल्लेख गरेकाछन् 'यह निश्चित तत्व है की मगर जाति हमारे वीर मगधिय है' 'मगर मगध से' यस भनाईबाट स्पष्ट हुन आउँछ की आर्य (हिन्दू) हरु यस दक्षिण एसियाइ भूमिमा प्रवेश गर्नु पूर्व मगध (हाल भारतको मध्ये देशमा) मगर जातिको आफ्नै राज्य थियो र मगर जातिको वीरताबाट प्रभावित भएर नै लेखकले उक्त उद्‌गार व्यक्त गरेको प्रष्टै छ । बुद्ध कालीन समय भन्दा अगाडी यस गण्डकी ( मगरात) प्रदेशका मगरहरुलाई सिकन्दरको राजदूत हेरोडट्सले 'पँहेलो रंगका मानिस' र 'सुन खन्नेहरु' भनेकाछन् । पछि एसिया महाद्वीपमा प्रवेश गरेका आर्य (हिन्दू) हरुले यहाँका आदिवासी मगरहरुलाई 'स्वर्ण गोत्र' अर्थात पँहेलो जाति भनेकाछन् । (प्राचीन मगर र अक्खालिपि २०५९) १८०० ईसापूर्व गान्धार तक्षशीला (हाल पाकिस्तान) मा मगर जातिको आफ्नै आदिम राज्य रहेको थियो । त्यस बेला आर्य जातिका ऋषि अङ्गिराको जीवन कालमा मानवहरु भर्खर-भर्खर घुमन्ते (शिकारी) युगबाट कृषि युगमा प्रवेश गरी जंगली (वनका) पशुहरुलाई घर पालुवा बनाएर गोठ (छाप्रो) मा राख्ने, खेती किसानमा प्रायः जौँ को खेती गर्न थालिएको समय थियो; तिनै ऋषि अङ्गिराको समयमा वरुण र पाल-मद्रको वार्तालापमा उल्लेख छ 'मंगुर के चमडे ताँवेका धातु जैसे वर्णका होते हैं...यहाँ वस्तुतः मंगुर जङ्गलो मे रहते हैं' अर्थात मङ्गोल (मंगुर) हरुको छाला ताँवा (धातु) जस्तो हुन्छ र वस्तुतः यी मङ्गोल (मगर) जातिहरु वन (जङ्गल) मा बस्दछन् भनिएको छ । यी भनाईहरुले पनि यस भू-भागमा मगर जातिको प्राचीनतामा शङ्का गर्नु पर्ने ठाउँ छैन । (हेर्नुहोस् वोल्गा से गंगा ई.सं. २०११) । यस दक्षिण एसियामा मगर जातिको राज्य, धर्म, संस्कार, जीवन पद्दतिको सन्दर्भमा प्राचीन मगर र अक्खालिपि २०५९ मा स-प्रमाण सहित विशद चर्चा भएको छ । नेपालको वर्तमान गण्डकी (मगरात) प्रदेश र हाल भारतमा रहेको विहार (पटना) सहितको मगध (मध्ये प्रदेश) राज्य मगर जातिको आदि भूमि भएको विभिन्न धर्म, संस्कार, संस्कृति सम्बन्धि लेख तथा कृतिहरुमा प्रष्ट्याइएको पाइन्छ । देउसी भैलो र तिहार पर्व मगरहरुले चलाएका हुन् भनेर इमानसिंह चेम्जोङज्यूले 'History and culture The Kirat People' मा उल्लेख गरेकाछन् र देउसी-भैलोका नायक वलिराजको राज्य प्राचीन समयमा गण्डकी (मगरात) प्रदेशको कास्की (पोखरा) देखि गोरखपुर (भारत) सम्म फैलिएको थियो । राजा वलिहाङको दरवार हाल पाल्पा जिल्लाको पश्चिम, दक्षिणमा पर्ने रुपन्देही जिल्लाको सालझण्डी

माथी वल्ढेंङ्गढीमा थियो; राजा वलिहाङको राजधानी भएकैले त्यो ठाउँको नाम 'वल्ढेंङगढी' रहन गएको हो । यी तथ्यहरुबाट पनि आदिकालमा यो दक्षिण एसियायी भूमिमा मगरहरुको राज्य थियो भन्ने विषयमा दुईमत छैन ।

***<u>मगर जातिहरु आफ्नो आदि भूमिबाट विस्थापितहुनुको कारण:</u>***

१. वर्तमान नेपालका शासक आर्य (हिन्दू) जातिहरुका पुर्खाहरु घुमन्ते (यायावर) जाति थिए; ती जातिहरु हालको काश्मिर (पाकिस्तान) हुँदै यस दक्षिण एसियामा प्रवेश गरे पछि हाम्रा पुर्वजहरु सँग छल-कपटपूर्ण युद्ध गरेर हाम्रो राज्य (धन-सम्पत्ति) छिन्न-भिन्न बनाए । यो युद्धलाई आर्य (हिन्दू) हरुले 'देवासुर संग्राम' (देवता र असुरहरु वीचको युद्ध) को नामबाट परिभाषित गरेर एउटा ऐतिहासिक नाटकको रचना गरेकाछन् । हाम्रा पुर्वजहरु सँगको यो युद्ध (देवासुर संग्राम) हालको पाकिस्तान, गान्धार (तक्षशिला) मा २००० ईसापूर्व भएको थियो ।

२. तत्पश्चात यी आर्य (हिन्दू) जातिहरु हालको भारतमा प्रवेश पछि पनि यहाँका रैथाने आदिवासीहरु मध्ये कहिले एउटा जातिलाई कहिले अर्को जातिलाई उक्साउँदै एक-अर्कामा भिडन्त (युद्ध) गराएर आदिवासीहरुको शक्तिलाई छिन्न-भिन्न गराई सकेपछि आदिवासीहरुको राज्य हडपेर एकछत्र शासन गर्न पुगेका थिए । यही समयमा अर्को शस्त्र (आयुध)धारी घुमन्ते (यायावर) जाति हुणहरु सँग आर्य (हिन्दू) हरुको लामो समय भिषण युद्ध हुन गयो । यस युद्धमा पनि छल-कपटपूर्ण विद्यामा पारंगत आर्य (हिन्दू) हरुकै युद्धमा विजय भएको थियो; यस निर्णायक युद्धको श्रेय युद्धका अन्तिम नायक हर्षवर्धनलाई दिइएको पाइन्छ । यहि कालखण्डमा आर्य (हिन्दू) हरुको दासता स्वीकार गर्ने, आर्य (हिन्दू) हरुको अंगरक्षकको रुपमा रहन चाहने केही आदिवासीहरुलाई आफ्ना रखैल (भित्रिनी) तर्फबाट जन्मिएका कन्याहरु विवाह गराइ शिखा (जनै) दिई क्षत्री (खत्री) जातधारी जातिको उद्भव गराएका थिए । अनार्य (आदिवासीहरु) माथी विजय भएको स्वयं आर्य (हिन्दू) हरुको जीवन पद्दति झल्किने महाभारत, कृष्णचरित्र जस्ता आर्य (हिन्दू) हरुको काल्पनिक कृतिहरु यसैकालमा रचना भएको मानिन्छ ।

३. दक्षिण एसिया (भारत)मा स्थायित्व लिन आएका आर्य (हिन्दू) हरु माथि सम्पूर्ण पृथ्वीमा एकछत्र राज्य गर्ने आकाँक्षाबाट अभिप्रेरित अर्को शक्तिशाली समूह मुसलमानहरुबाट आक्रमण भयो । त्यस आक्रमणमा युद्धमा पराजित आर्यहरुको साढे एकहत्तर गाडा शिखा (जनै) चुँडाली पोलिएको थियो । यस सन्दर्भमा भारत (इण्डिया) मा लाहुरे भएका हाम्रा बाबु-बाजे-दाजुभाईहरुले नेपालका आफ्ना घर परिवारहरुलाई लेखि पठाउने चिठीको खाम बन्द गरी सकेपछि खामबन्द गरेकोतर्फ अंकमा (७१-२) साढे एकहत्तर लेखिएको हुन्थ्यो; यस अंकको अर्थ चिठी पठाउने लाहुरेलाइ त थाहा थिएन होला, केवल श्राद्ध गर्दा बिरालो बाँध्ने उखान जस्तै अग्रज लाहुरेहरुले प्रचलनमा ल्याएको एउटा नियमित निरन्तरता मात्र थियो । तर त्यो साढे एकहत्तर सँख्याले के इंगित गर्दथ्यो-*"सम्बन्धित ब्यक्ति बाहेक जसले यो चिठी खोलेर हेर्दछ, त्यसलाई साढे एकहत्तर गाडा जनै (शिखा) पोलिए बराबर पाप लाग्ने छ"* भन्ने संकेत गर्दथ्यो । यसरी आर्य (हिन्दू) हरुको जनै (शिखा) चुँडाली पोलिदिने र जबरजस्ती मुसलमान बनाउन थाले पछि सं. १६७७ भन्दा अगाडी गढवाल, कुमाउमा मुसलमानको प्रारम्भिक आक्रमणको समय देखि नै आफ्ना परिवार पो थी पात्रा लिएर नेपालको खसान प्रदेश र मगरात प्रदेशका आदिवासी मगर जातिका भुरे-टाकुरे राज्यहरुमा आर्य (हिन्दू) हरु आउन शुरु गरे । त्यस समय सम्म पनि तत्कालीन नेपालमा बाइसे-चौबिसे राज्यहरु बनिसकेको थिएन । आर्य (हिन्दू) हरुको दोस्रो समूह सं.१६७७ मा मुसलमान शासक जहाँगिरले काँगडा हानिसकेर गढवाल, कुमाउमा बसेका आर्य (हिन्दू) माथि जाइलाग्दा आफ्नो अस्तित्व बचाउन भागेर नेपालका आदिवासी मङ्गोलहरु बसोबास गरेका पहाडी क्षत्रका भुरे-टाकुरे राज्यहरुमा आएकाहुन् । तेस्रो समूह पनि गढवाल, कुमाउँमा चौविस वर्ष सम्म नेपालको अधिनमा (नेपालको इतिहासमा

लेखिएकै छ) हुँदा सहज रुपमा बसाइ सराइ गरेर आएकाहुन् । मुसलमान  शासकहरुको यातनाबाट उत्पिडनमा परेर शरणार्थी भइ विभिन्न समयमा नेपालमा प्रवेश गरेका आर्य (हिन्दू)हरुले नेपालका भुरे-टाकुरे राजाहरुलाई एक-आपसमा कलह गराई युद्ध गराएर मगर भुरे राजाहरुको शक्ति छिन्न-भिन्न भई सकेपछि बाइसे-चौबिसे राज्य खडा गरेका थिए ।

४. गढवाल, कुमाउँबाट शरणार्थीको रुपमा नेपाल प्रवेश गरेका आर्य (हिन्दू) हरुले आफ्नो प्रभावमा परेका धेरै जसो आदिवासीहरुलाई अनेकौँ लोभ-लालच, प्रलोभन, मङ्गोल जाति (पुर्वजहरु) को गोत्र विभाजन तथा उँच-निचको भावना जागृत गराएर गाईको मासु खान छुटाई चार वर्णाश्रम भित्रको हिन्दू बनाइ जनजातिको छोरीसँग (ब्रह्माणहरुको संस्कारअनुसार अवैध) वैवाहिक सम्बन्धबाट जन्मेका सन्तानलाई जनै (शिखा) दिई खत्री-क्षेत्री (बाहुनबाट खसेको खस-क्षेत्री) बनाएर तागाधारीको सङ्ख्या बढाउने बठ्याइँको कारणबाट नेपालका आदिवासी प्रायः मगरजातिहरु खस-क्षत्रीको मावली, बाहुनको ससुराली नाता पर्ने भएकाले हिन्दू धर्मलाई नै भुक्ति-मुक्तिको साधन ठान्ने आदिवासी मगरहरुले आफ्नो जीवन पद्दतिसँग जोडिएर आउने जन्मदेखि मृत्यु ,पर्यन्त दैनन्दिनी संस्कार कर्ममा बाहुनलाई (अघोषित) भाञ्जा, जुवाइँ-चेला मानि पुज्ने गरी आएकाहुन् । नेपालका १२५ जात-जातिमा १२४ जातिको संस्कार कर्म गर्ने आफ्नै गुरु-पुरोहित हुन्छन् भने मगर मात्र यस्तो एउटा जाति हो जस्को जन्म, मृत्यु पर्यन्त गरिने संस्कार बाहुनहरुले गरि दिनु पर्दछ, 'हाम्रो सांस्कृतिक इतिहास २०२५)' ।

५. वर्तमान नेपालमा ककेशियन मूलका खशहरु आर्य (हिन्दू)हरु भन्दा अगाडी नै आइसकेका थिए । पछि सिन्धु उपत्यकामा आएका आर्य (हिन्दू)हरुले यहाँका आदिमवासी मङ्गोल, किराँत-किन्नर जातिहरुलाई सम्मानपुर्वक रहन दिएनन् । यहाँका आदिवासीहरुलाई काम (परिश्रम)गर्ने डोम (शिल्पकार), दास (कमारो) जातिमा षडयन्त्रपूर्वक परिणत गरे वा स्वाभिमानी आदिवासीहरुलाई वन (जङ्गल) पहाड तिर भाग्न विवश गरे । र, किराँतीहरुलाई पूरा शक्ति लगाएर दमन (दबाउने) गर्ने काम भयो । यद्यपि आजको एक्काइसौं शतातब्दीमा पनि यस कार्यलाई निरन्तरता दिई आएको यथार्थ हो । आर्य (हिन्दू) हरुको वैदिक साहित्यमा आर्य (हिन्दू) जातिहरु हिमालय खण्डमा बसोबास गरेको भने पनि यी आर्य जाति हिमालय खण्डमा बसेको कुनै प्रमाण छैन । तत्कालीन नेपालमा आदिवासी जातिहरुको भुरे-टाकुरे राज्य रहेकोमा मुसलमानको आक्रमणबाट बसाइ सरेर आएका आर्यहरुले क्रमश यहाँका आदिवासीहरुको राज्यलाई हडप्दै गएर भुरे-टाकुरे राज्य रहेको ठाउँमा बाईसे-चौबिसे राज्य खडा गर्न पुगे । मगरात क्षत्रमा रहेको गोर्खा राज्यमा मगर जातिका अन्तिम राजा मानसिंह खडका मगरले राज्य गर्दथे; ती राजालाई पनि खस-आर्य (हिन्दू)हरुले वि.सं.१६१६ आश्विन कृष्णाष्टमी बुधबारको रातमा खस द्रव्यशाहद्वारा षडयन्त्र पूर्वक हत्या गराइयो । 'शिलन्यास नाटक २०२१' र, मगर जातिको जातिय स्वाभिमान, पहिचान, भाषा, लिपि, संस्कार-संस्कृति माथि सदाको लागि पूर्णविराम लगाउने काम भयो । अन्तिम मगर राज्य गोर्खा सदाको लागि खस-आर्य (हिन्दू) हरुमा गए पछि मगर जातिको अस्तित्व एक प्रकारले इतिहासको कालो छाँयाभित्र विलुप्त हुन पुग्यो ।

६.  शाह वंशिय राजाहरुको अभ्युदय पछि हाम्रा केही मगरहरु खस राजाको तावेदारी गर्न पुगे र शाही राजाको सैनिक निकायको उच्च ओहोदामा रहन सफल पनि भए । तर केही मगरहरु शासकको तावेदारी गर्न पुगे पनि केही मगरहरु स्वाभिमान पुर्वक बाँच्न चाहन्छन्; त्यस्तै स्वाभिमानी मगरहरुमा वीर लखन थापा मगरको नाम इतिहासमा अग्रपंक्तिमा आउँछ । आफू श्री ३ महाराज जङ्गबहादुर राणाको उच्च सैनिक पदमा रहेर पनि आफ्ना मगर जाति र अन्य उत्पिडनमा परेका जात-जातिहरुलाई शासक वर्गहरुले अन्याय-अत्याचार गरेको क्या.लखन थापा मगरलाई सहृय भएन र शासक विरुद्ध जाइलाग्ने निधो गरे । तर उनका सहपाठीहरु लखन थापा मगरको न्यायोचित विद्रोहमा सहभागि हुनुको साटो शासक जातिलाई सहयोग गर्नुमा आफ्नो भलाई सम्झे; अन्ततः एक्ला बहादुर क्या. लखन थापा

मगरलाई फाँसीको सजाय दिइयो । मगर राजाहरुलाई छल-कपटद्वारा झुक्याइ राज्य हरण र राज्यबाट विस्थापित गराइएका मगरहरुको खस-आर्य जातिका शासक विरुद्ध वीर लखन थापा मगरको यो प्रथम विद्रोह थियो । हामी मगर जाति भित्र एउटा थेगो छ 'मगरको सल्लाह, खरानीको डल्ला' हामी मगर जातिहरुले कुनै पनि कार्यारम्भ गर्दा पहिले त सबैले हुन्छ हुन्छ भन्छन्,तर मगर तथा मगरको अगुवा हौँ भन्नेहरुले अन्तमा आफ्नो समूदायको हकहितको लागि भन्दा आफ्नै विरोधिहरु सँग घाँटी जोड्न पुग्छन् । यस्तो किन भयो त ? जुन मगर जातिको जन्म देखि मृत्यु पर्यन्त धार्मिक संस्कार कर्मकाण्ड गरि दिने, मृत्यु पछि जस्तो सुकै पाप कर्म गरे पनि नर्क पर्नुबाट मुक्ति दिलाई स्वर्गको बास गराइदिने हाम्रो जीवनको भाग्य विधाता भाञ्जा, जुवाइँ-चेला भुक्ति-मुक्ति दाता आर्य (हिन्दू)हरुको पुर्वजहरुले आफ्ना पुर्वज (मगर) हरुको आफ्नो राज्य हरण गरिदिए पनि आर्य (हिन्दू)हरुको तावेदारी गरी आएबाट हाम्रो जातिमा जातिय स्वाभिमान र आत्म विश्वासमा ऱ्हास आएकै कारणले हो ।

७. वि.सं.२००७ मा क्रुर तानाशाही जहानिया शासनको अन्त्य पछि तत्कालीन मगर राज्यका मगरहरुका सन्ततिहरुले समयको गतिसँगै आफ्नो जातिय पहिचान, स्वाभिमान, मौलिक संस्कृतिको संरक्षण तथा जातिय अस्तित्व रक्षाको लागि केही स्वाभिमानी मगरहरु जुरमुराउँदै संगठित हुँदै आएको संघर्षशील इतिहास पाइन्छ । मगर जातिलाई एकताबद्ध गरी संगठन विस्तार गर्दै लैजाने मगरहरुको अग्रपंक्तिमा वि.सं.२०११/०१२ सालतिर दैलेखका पदमसिंह थापा मगर समाज सुधारकको रुपमा मगरात राज्यमा देखापरेका थिए । वि.सं.२०१२ सालमा पूर्वतिर महोत्तरीमा मगरहरुको भेला भएको थियो । वि.सं.२०१२ सालमा गुल्मी भार्सेका स्व.गिरीप्रसाद बुढाथोकी मगरको अध्यक्षतामा मगरहरुलाई एकजुट बनाउने, कुरीति, कु-संस्कार आदि हटाउने उद्देश्यले सर्वप्रथम औपचारिक तथा घोषितरुपमा 'मगर समाज सुधार संघ' गठन भएको थियो । वि.सं.२०१४ सालमा दैलेखका पदमसिं थापा मगर र सुनसरीका कर्णसिंह सारु मगरको सक्रियतामा गुल्मी भार्सेमा पश्चिमाञ्चल मगर महासम्मेलन सम्पन्न भएको थियो । यो सम्मेलन पछि मगर जातिलाई संगठित गर्दै लैजाने प्रथम अभियन्ता दैलेखका पदमसिंह थापा मगर कहाँ गए ? यो विषयमा कुनै जानकारी प्राप्त भएको छैन । २०१४ साल मै तनहुँका एकदेव आले मगर र रणबहादुर आले मगरको सक्रियतामा तनहुँको कुलुङ भन्ने ठाउँमा मगरहरुको भैला भएको थियो ।

८. वि.सं.२०१७ सालमा नेपालमा शाहवंशिय खस-आर्य (हिन्दू) राजाबाट पुनः एकदलिय पंचायती ब्यवस्था लादिएपछि संपूर्ण राजनीतिक पार्टी, संघ संस्था माथी प्रतिबन्ध लाग्यो । त्यसबाट मगर जागरण सम्बन्धि कृयाकलापमा कालो बादलको छायाँ पर्न गयो; तर मगरहरुको संगठितहुने मनोकांक्षामा भने प्रतिबन्ध लाग्न सकेन । अघोषित तथा गुप्त रुपमा भए पनि मगरहरुले कतै कानुङ लाँघाली, कतै मगर समाज कल्याण समिति, कतै मगर समाज सुधार समितिका नामबाट मगर संगठनहरु स्थापना हुँदै गए । (स्मरणिय छ हाम्रो बागलुङ जिल्लामा पनि मगरहरुलाई एकजुट गराउने क्रममा काठेखोलामा च्वाँचे खाने निहुले मगर गाउँ बुकेनीबाट सुँगुर ल्याई रात्रीमा काठेखोलाको ओडारमा सुँगुर काटी खाने बहाना बनाएर तत्कालीन मगर अगुवाहरुले 'मगर संघ' गठन गरेको हो भन्ने पंक्तिकारले जानकारी पाएको थियो । त्यो विषयमा थप जानकारी चाहँदा कुन मगर कसरी सहभागी भएका थिए ? त्यसको नेतृत्व कसले गरेका थिए स्पष्टहुन भने सकिएन मगरहरुलाई एकजुट गराउने कार्यमा काठमाडौं २०२८ सालमा स्थापित लाङघाली परिवार ब्यवस्थित र अग्रणी देखिन्छ । यस लाङघाली परिवारमा अध्यक्ष खिलध्वज थापा मगर, उपाध्यक्ष माया राना मगर, महासचिव कुलबहादुर राना मगर, कोषाध्यक्ष प्रभा बुढाथोकी मगर, प्रचार सचिव अभिमन्यु आले मगर, साँस्कृतिक सचिव लालबहादुर थापा मगर, सदस्य रनबहादुर थापा मगर, बसन्त थापा मगर, तारा थापा मगर, तोयबहादुर थापामगर, भीमबहादुर थापा मगर, मनबहादुर थापा मगर, प्रभाकर थापा मगर सहित १३

जनाको कार्य समिति गठन भएको थियो; पछि यस समितिका महासचिव कुलबहादुर राना मगरले राजिनामा दिएका हुन् भन्ने पनि सुन्नमा आएको थियो । यो संगठन नै वि.सं.२०१७ साल पछिको मगर संघ-संगठन गठन गर्ने प्रकृयामा कृयाशील देखिन आएको छ । वि.सं.२०३२ देखि २०३६ को अवधिमा कानुङ लाङ्घाली परिवार रुपन्देही, मगर समाज कल्याण समिति म्याग्दी, त्यस्तै मगर समाज सुधारका संघ-संगठनहरु बागलुङ, बाँके, सुर्खेत, दैलेखमा खोलिँदै गए भने लाङघाली परिवार तनहुँ, मगर समाज सुधार समिति पाल्पा, लाङघाली परिवार कास्की स्थापना भएको थियो ।

९. प्रायः मगर जातिका संघ-संगठनहरु जिल्ला, गाउँ स्तरमा मात्र सीमित भएकाले यी विभिन्न नामका सबै संघ-संगठनहरुलाई एकिकृत गर्ने उद्देश्यले वि.सं.२०३६ सालमा अध्यक्ष हर्षबहादुर बुढा मगर, उपाध्यक्ष तोरणबहादुर थापा मगर, सचिव सुरेश आले मगर, कोषाध्यक्ष केशरजङ वराल मगर, प्रचार-प्रसार सचिव देवेन्द्र आले मगर, सदस्यहरु के.बी.मगराती, बाबुराम राना मगर भएको 'लाङ्घाली परिवार तदर्थ समिति' गठन भएको थियो, तर यो समिति अपेक्षा अनुरुप सक्रियहुन भने सकेन । वि.सं.२०३८ माघ २८-२९ गते बाबुराम राना मगर अध्यक्ष, जयबहादुर हितान मगर सचिव रहनु भएको 'कानुङ लाङ्घाली परिवार' रुपन्देहीको आयोजनामा मगर समाजको (पहिलो सम्मेलन भनिएको) प्रथम ऐतिहासिक, सामाजिक सम्मेलन सफलता पूर्वक सम्पन्न भयो र पुरानो 'लाङघाली परिवार केन्द्रिय तदर्थ समिति २०३६' विघटन गरी अध्यक्ष हेमबहादुर पुन मगर, उपाध्यक्ष रणबहादुर आले मगर, महासचिव सुरेश आले मगर, कोषाध्यक्ष मनवीर (गर्वुजा)पुन मगर, प्रचार-प्रसार सचिव जयबहादुर हितान मगर, सदस्यहरु एम.एस.थापा मगर, बलराम समाल मगर, दिलिपसिंह आले मगर, तथा दुर्गाबहादुर राना मगर समेत भएको 'नेपाल लाङघाली परिवार संघ, केन्द्रिय समिति' गठन भएको थियो । वि.सं.२०३९ फागुन १४ गतेको 'नेपाल लाङघाली परिवार संघ'को तेस्रो राष्ट्रिय सम्मेलन र २०३९ फागुन १५-१६ को प्रथम राष्ट्रिय महाधिवेशन तनहुँ (दमौली)ले हेमबहादुर पुन मगर (कास्की), उपाध्यक्ष रणबहादुर आले मगर (गोरखा), महासचिव सुरेश आले मगर (तनहुँ), सहसचिव जयबहादुर हितान मगर (रुपन्देही), कोषाध्यक्ष मनवीर (गर्वुजा) पुनमगर (रुपन्देही) सदस्यहरुमा एम.एस.थापा मगर (स्याङ्जा), दिलिपसिंह आलेमगर (बाँके), गोरेबहादुर खपाङ्गी मगर (महोत्तरी), यमबहादुर श्रीस मगर ( बागलुङ), दुर्गाबहादुर राना मगर (पाल्पा), टीकाबहादुर थापा मगर (नवलपरासी), रामकुमार आले मगर, खगेन्द्रबहादुर घर्ती मगर (सुर्खेत), भक्तबहादुर थापा मगर (चितवन), भरतकृष्ण थापा मगर (तनहुँ) समेत भएको विधिवत "नेपाल लाङ्घाली परिवार संघ, केन्द्रिय समिति" गठन गरेको थियो । यसै दिनलाई नेपाल मगर संघको जन्म दिन मानेर प्रत्येक वर्षको फागुन १५ लाई मगर दिवसको रुपमा धुम-धाम संग मनाउने भन्ने भएकाले फागुन १५ पनि मगरहरुको चाड पर्वहरु मध्ये एउटा गौरवमय पर्वको रुपमा स्थापित भएको हो ।

१०. वि.सं..२०४२ साल फागुनमा 'नेपाल लाङघाली परिवार संघ' को दोस्रो महाधिवेशन मकवानपुर ( हेटौँडा) मा भएको थियो, उक्त अधिवेशनबाट 'नेपाल लाङघाली परिवार संघ' को अध्यक्षमा स्व.कविराज पुन मगर चयन भएका थिए । वि.सं.२०४५ साल चैत्र २६-२७ मा 'नेपाल लाङघाली परिवार संघ' को तेस्रो महाधिवेशन बाँके (नेपालगञ्ज) मा भएको थियो । उक्त महधिवेशनबाट केन्द्रिय अध्यक्षमा स्व.मानध्वज राना मगर भएका थिए । वि.सं.२०४८ साल माघ १०-११ गते 'नेपाल लाङघाली परिवार संघ'को चौथौ महाधिवेशन काठमाडौमा भएको थियो । केन्द्रिय अध्यक्षमा गोरेबहादुर खपाङ्गी मगर चयन भएका थिए । यही चौथौ राष्ट्रिय महाधिवेशनबाट 'नेपाल लाङघाली परिवार संघ' को सट्टा "नेपाल मगर संघ" नामकरण भएको थियो । वि.सं.२०४९ मंसिर २६ गते नेपाल मगर संघ विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय, काठमाडौमा दर्ता नं.२५२/२०४९/०५० मितिः२०४९/०८/२६ मा दर्ता भई विभिन्न जिल्लामा 'नेपाल मगर संघ' र यसका भातृ संघ-संगठनहरु स्थापित भएका थिए ।

यही दर्ताको आधारमा विभिन्न देश/विदेशमा रहने मगर दाजु-भाईहरुले पनि 'नेपाल मगर संघ' गठन (स्थापना) गरेका थिए ।

११. वि.सं.२०५१ फागुन २६-२९ गते पाँचौ राष्ट्रिय महाधिवेशन दाङ (घोराही) मा भएको थियो, केन्द्रिय अध्यक्षमा गोरेबहादुर खपाङगी मगर चयन भएका थिए । वि.सं.२०५४ फागुन १५-१८ गते छैठौं राष्ट्रिय महाधिवेशन नवलपरासीको (कावासोती,हात्तिखोर) मा भएको थियो । यस अधिवेशनबाट पनि गोरेबहादुर खपाङगी मगर नै केन्द्रिय अध्यक्षमा चयन भएका थिए । वि.सं.२०५७ साल फागुन २१-२३ गते सातौं राष्ट्रिय महाधिवेशन सुनसरी (धरान) मा भएको थियो । यो पटक पनि केन्द्रिय अध्यक्ष गोरेबहादुर खपाङगी नै भएका थिए । वि.सं.२०६० साल फागुन १२-१६ गते आठौं राष्ट्रिय महाधिवेशन कैलाली (टीकापुर) मा भएको थियो । केन्द्रिय अध्यक्षमा यमबहादुर बुढाथोकी मगर चयन भएका थिए । केन्द्रिय अध्यक्ष यमबहादुर बुढाथोकी मगरको कार्यकालमा 'नेपाल मगर संघ, केन्द्रिय समिति' ले आफ्नै मगर संघ भवन काठमाडौं (कलंकी)मा स्थायित्व लिने सौभाग्य पाएको थियो । वि.सं.२०६४ साल जेष्ठ ५-८ गते नवौं महाधिवेशन काठमाडौं (कलंकी)मा भएको थियो; केन्द्रिय अध्यक्षमा झकबहादुर थापा मगर निर्वाचित भएका थिए । वि.सं.२०६८ साल मंसिर ९-११ सम्म दशौं राष्ट्रिय महाधिवेशन गुल्मी (तमघास) भएको थियो; केन्द्रिय अध्यक्षमा महेन्द्र थापा मगर कार्यरत थिए ।

*नेपाल मगर संघ, बागलुङ जिल्लाका अधिवेशन तथा अध्यक्षहरु:*

नेपाल मगर संघ, बागलुङ जिल्लाको प्रथम, द्वितिय जिल्ला अधिवेशनहरु कहाँ कुन मितिमा भएका थिए, अध्यक्ष र अन्य पदाधिकारी को ? भएका थिए प्रमाण (कागजात) को अभावमा अज्ञात छ । नेपाल लाङघाली परिवार संघका पूर्व सचिव जयबहादुर हितान मगरको उपस्थितिमा बागलुङ जिल्ला मगर संघ तदर्थ समितिको अध्यक्षमा स्व.क्या.रामप्रसाद पुन मगर मनोनित भएको र जिल्ला अधिवेशन बागलुङ नरेठाँटी (घसघसा,सितलपाटी)मा गर्ने मिति २०४८ साल फागुन १२ को नेपाल मगर संघ जिल्ला कार्य समितिको निर्णय पुस्तिकाबाट देखिन्छ । वि.सं.२०४८ साल फागुन १६ गतेको नरेठाँटी (घसघसा, सितलपाटी) को तेस्रो जिल्ला अधिवेशनको बैठकले स्व.क्या.रामप्रसाद पुन मगरलाई नेपाल मगर संघ जिल्ला कार्य समिति बागलुङको अध्यक्षमा चयन गरेको बुझिन्छ । वि.सं.२०५३ साल मंसिर २९-३० गते मगर संघ बागलुङको चौथो जिल्ला अधिवेशन रेसमा भएको थियो, उक्त जिल्ला अधिवेशनबाट नेपाल मगर संघ जिल्ला कार्य समिति बागलुङको अध्यक्षमा यमबहादुर श्रीस मगर निर्वाचित भएका थिए । वि.सं.२०५७ साल माघ १४-१५ मा नेपाल मगर संघ बागलुङको पाँचौ जिल्ला अधिवेशन बागलुङ बजारमा भएको थियो, उक्त अधिवेशनबाट बागलुङ जिल्लाको मगर संघको जिल्ला अध्यक्षमा दिलेन्द्र रामजाली मगर निर्वाचित भएका थिए । वि.सं.२०६३ साल फागुन १३-१४मा नेपाल मगर संघ बागलुङको छैंठौं जिल्ला अधिवेशन पनि बागलुङ बजारमा भएको थियो । जिल्ला अध्यक्षमा पदमबहादुर श्रीस मगर सर्वसम्मत मनोनित भएका थिए । र, वि.सं.२०६८ सालको कार्तिक १७-१९ मा सातौं जिल्ला अधिवेशन बागलुङ जिल्लाको मगर संघ भवनमा भएको थियो अध्यक्ष पदमा गणेशबहादुर थापा मगर निर्वाचित भएका थिए ।

*नेपालमा बहुदलिय ब्यवस्था पश्चात लोक तान्त्रिक गणतन्त्र आएपछि मगरहरुको अवस्था:*

नेपालमा राणा शासन, एकदलिय पञ्चायति शासन, बहुदलिय ब्यवस्था, १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन पछि आएको लोक तान्त्रिक गणतन्त्रमा (राजनीतिक होइन) सामाजिक हैसियतबाट एउटै संघमा आबद्ध मगरहरु लोकतन्त्र र गणतन्त्रमा विभाजितहुन पुगे, त्यतिमात्र होइन कांग्रेस समर्थक 'राष्ट्रिय मगर संघ' एमाले समर्थक लोकतान्त्रिक मगर संघ, राष्ट्रिय जनमोर्चामा आबद्ध

मगरहरुले हिन्दू (ब्रह्माण) पद्दतिअनुसार परम्परागत धार्मिक संस्कार र राष्ट्रिय जनमुक्ति पार्टी तथा काँग्रेस-वाम इतर मगरहरुले धार्मिक स्वतन्त्रताको अवसरलाई पनि उपयोग गर्दै आफ्नो परम्परागत प्रकृति पूजक संस्कार र बुद्ध संस्कार पद्दतिलाई आत्मसात गर्दै आएको पाइन्छ । त्यसैले हामी मगर जातिहरु जातिय रुपमा एउटै भए तापनि सामाजिक, सांस्कृतिक रुपमा विभाजित छौं । नेपाल मगर संघको मूलभूत उद्देश्य धार्मिक, सांस्कृतिक, सामाजिक रुपमा अर्को जातिको सांस्कृतिक जालोमा जकडिएर पिडादायी जीवन ब्यतित गरिरहेका आफ्ना जातिय समुदायलाई उन्मुक्ति दिलाउनु पनि उद्देश्य रहेको थियो होला । विडम्बना जस्को (मगरहरुको) जीवन पर्यन्त भाग्य निर्धारण गरि दिने, यस जीवनमा सुखःपूर्वक जीवन ब्यतित गर्न पाउने, जस्तोसुकै पाप कर्म गरेपनि स्वर्गको वास गराइदिने जस्ता अमूर्त (काल्पनिक) कार्यको ठेक्का हिन्दू (ब्रह्माण) पुरोहितको काँधमा सौंपि दिएका छौं । यस्तो अमूर्त ( काल्पनिक) कृयाकलापबाट हामी मगरहरुको मुक्ति संभव होला त ? क्या.लखन थापा मगर, दैलेखका पदमसिंह थापा मगर, गुल्मी भार्सेका गिरीप्रसाद बुढाथोकी मगर, गोरेबहादुर खपाङ्गी मगर, एम.एस.थापा मगर जस्ता अग्रज मगरहरुले हामी मगर जातिलाई अन्य जातजातिको अन्याय-अत्याचार, उत्पिडन तथा सांस्कृतिक,सामाजिक जालोमा जकडिएको देखेर नै आफ्ना स्वजातिलाई मुक्त गराउने हेतुले अभिप्रेरित भई मगर जातिको एकता र उत्थानको लागि जीवन रहेसम्म लागि रहे । यस सत् कार्यको सम्झना गर्दै आज फागुन १५ को दिन मगरहरुको एकताको अभियन्ता अग्रजहरु प्रति नमन गर्नु पर्दछ । मगर जातिहरु पनि राज्यमा घटित घटनाहरु र राजनीतिबाट निरपेक्ष रहन सक्दैनन्; तर हामी सहभागि दलिय ब्यवस्थामा देखिने गरि राज्य सञ्चालन गरिने नीति निर्माण तहमा हाम्रो संलग्नता, स्वामित्व, पहिचान र अस्तित्व मूर्तरुपमा स्थापित छ/छैन ? अन्यथा आवश्यक पर्दा मगर जातिहरु प्रयोगहुने आवश्यक नपर्दा खेतमा धान रोपाइँ गरिसकेर अर्को पटकको धान रोपाइँमा प्रयोग गर्ने गरी गोठमा थन्क्याइएको खोप (खेतमा पानी भित्रको डल्लो फुटाउने एक किसिमको लेंडुका) जस्तो वस्तुको रुपमा हामी मगरहरु उपयोगमा आएका त छैनौं ? अस्तुः

*(बागलुङ जिल्ला हुग्दीशिर, बराहकोटमा ३३ औं मगर दिवसको अवसरमा मगर जागरणको कार्यक्रममा प्रस्तुत कार्यपत्र)*